Coronavirus CivActs Campaign presents

# FAIR FACTS

CIVIC ACTION TEAMS

अंक
११२

१४।०३।२०७८



## धुलिखेल नगरपालिकामा "उप-प्रमुखसँग सुत्केरी महिला कार्यक्रम" अन्तरगत सुत्केरीलाई पोषणयुक्त खानेकुरा वितरण गरिदै ।

तस्विर: रोजन तामाङ



काठमाण्डौ उपत्यकामा निषेधाज्ञा खुकुलो भएसँगै निजी सवारी साधनमा जोरबिजोर प्रणाली लागु, पसलहरू बार अनुसार पालैपालो खुला ।

थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्

## यस अंक भित्र

**तेस्रो लहरमा डेल्टा प्लस भेरिएण्टले जनजीवन तहसनहस पार्छ भन्ने हल्ला छ ।**

डेल्टा भेरिएण्ट ७८% देखी १२१% बढी संक्रामक देखिएको छ । डेल्टा भेरिएण्टकै अर्को रुप डेल्टा प्लस भेरिएण्ट हो ।

**कोरोना विरुद्धको पहिलो खोप लगाएकालाई सरकारले दोस्रो मात्रा खोप दिँदैछ रे ।**

कोभिशिल्डको पहिलो मात्रा लगाएका व्यक्तिहरू यसमा पर्दैनन् ।

**कोभिड - १९ को समयमा दलित समुदाय विरुद्ध भएका विभेदहरू**

आफ्ना नागरिकको सुरक्षा गर्नुपर्ने राज्य र सुरक्षा निकायनै पीडकको रुपमा अगाडी आएका छन् ।

# फ्याक्ट सिट

## के प्रदेश सरकारले गरेको प्रयास नेपालको स्वास्थ्य क्षेत्र सुधार र आर्थिक पुनरुत्थानको लागि प्रयाप्त छ त ?




### ५ लुम्बिनी प्रदेश

**जम्मा बजेट** रु. ४० अर्ब ९७ करोड

**प्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित** (०.८८%)

- स्वास्थ्य संरचना र प्रयोगशाला निर्माण गर्नका लागि रु. २३ करोड ५० लाख
- कोभिड - १९ बाट प्रभावित कृषिमा आधारित जिवीकोपार्जन उकास्न रु. ११ करोड
- ई-लर्निङलाई प्रोत्साहन गर्न रु. १ करोड २० लाख

**अप्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित** (१.८६%)

- वैकल्पिक उपचारका लागि रु. ३ करोड
- स्वास्थ्य अभियान सञ्चालन गर्न रु. ८ करोड
- स्वास्थ्य सेवा, अस्पतालको क्षमता र स्वास्थ्यकर्मीको क्षमता विकास गर्न रु. ५२ करोड
- उपकरण खरिद तथा क्षमता विस्तार गर्न १९ करोड

### ६ कर्णाली प्रदेश

**जम्मा बजेट** रु. ३६ अर्ब ५४ करोड

**प्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित** (१.६%)

- कोभिड - १९ उपचार, रोकथाम तथा नियन्त्रण गर्न रु. ५३ करोड ९८ लाख
- प्रयोगशाला परीक्षणको लागि रु.३ करोड ३५ लाख

**अप्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित** (७.५६%)

- अस्पतालको लागि उपकरण खरिद गर्न रु. १३ करोड ९६ लाख
- स्वास्थ्य सेवा र पूर्वाधार सुधार गर्न रु. २ करोड ६१ लाख
- भर्चुअल माध्यमबाट स्वास्थ्य शिक्षा प्रवाह गर्न रु. १ करोड ५० लाख

### ७ सुदूरपश्चिम प्रदेश

**जम्मा बजेट**
रु. ३० अर्ब ३३ करोड

**प्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित** (३%)

- कोभिड - १९ व्यवस्थापनका लागि रु. ९७ लाख
- कोभिड - १९ का लागि उपकरण खरिद गर्न रु. ९० करोड

**अप्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित** (२.४५%)

- स्थानीय तहमा स्वास्थ्य संरचना निर्माण गर्न रु. १ करोड
- अस्पताल तथा प्रयोगशाला निर्माण गर्न रु. ४६ करोड २७ लाख
- स्वस्थ्यकर्मीका लागि नि:शुल्क बीमा गर्न रु. ५ करोड ५५ लाख
- स्वास्थ्य उपकरण तथा औषधी खरिद गर्न रु. १४ करोड २७ लाख
- वैकल्पिक उपचारका लागि रु. ७ करोड ४२ लाख

लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशले भर्खरै सार्वजनिक गरेको वार्षिक बजेटको उद्देश्य र प्राथमिकतामा पनि कोभिड पश्चातको पुनरुत्थान र राहतलाई राखिए पनि बजेट बिनियोजनमा त्यो प्रतिबिम्बित हुँदैन । विशेष गरेर लुम्बिनी प्रदेशको बजेट बिनियोजन एकदम थोरै छ । प्रदेश सरकारले आर्थिक पुनरुत्थान र राहतको व्यवस्था गरेको भनेको छ, तर बजेटमा कतै उल्लेख गरिएको देखिदैन । पक्कै पनि निजी क्षेत्रलाई उकास्न यो बजेटले धेरै सहयोग गर्न सक्दछ । आर्थिक पुनरुत्थानलाई बजेटको उद्देश्य प्राप्त गर्ने रणनीतिको रुपमा लिईएको छ, तर निराशाजनक कुरा के छ भने, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशले यसको लागि कुनै बजेट छुट्याएका छैनन् ।

# हल्ला र तथ्य

अब
तेस्रो लहरमा डेल्टा
प्लस भेरिएण्टले
जनजीवन तहसनहस पार्छ
भन्ने हल्ला छ नी ?

सुरुमा देखिएको कोरोना भाईरसको तुलनामा बिटा नामक भेरिएण्ट २३% देखी ३३% बढी संक्रामक, अल्फा २४% देखी ३४% बढी संक्रमक, गामा ३३% देखी ५१% बढी संक्रामक, कप्पा २८% देखी ८९% बढी संक्रामक र डेल्टा भेरिएण्ट ७८% देखी १२१% बढी संक्रामक देखिएको छ । यि मध्ये नेपालमा दोस्रो लहरमा देखिएको भेरिएण्ट डेल्टा भेरिएण्ट हो । डेल्टा भेरिएण्टकै अर्को रुप डेल्टा प्लस भेरिएण्ट हो, जुन नेपालमा हालसम्म ९ ओटा नमुनामा देखिएको छ र भारत लगाएत ११ मुलुकमा पनि यो भेरिएण्ट देखिइसकेको छ । यो भेरिएण्ट बढी संक्रमक हुने देखिए पनि हामी जिम्मेवार भयौं भने यसको असरले खासै प्रभाव पार्न सक्दैन ।

Source: https://www.facebook.com/mohpnep/videos/345287370282105

कोरोना विरुद्धको
पहिलो खोप लगाएका
व्यक्तिलाई सरकारले दोस्रो मात्रा
खोप दिँदैछ रे, क-कसले पाउँदैछन
यसपटक खोप लगाउन ?

यस पटक लगाउन लागिएको खोप भेरोसेल हो । यो खोप पहिलो मात्रा भेरोसेल खोप लगाएका व्यक्तिलाई मात्र आगामी असार २२ गते देखी दोस्रो मात्रा लगाईदैछ । कोभिशिल्डको पहिलो मात्रा लगाएका व्यक्तिहरु यसमा पर्दैनन् । कोभिशिल्डको पहिलो मात्रा लगाएका व्यक्तिहरु कहिले दोस्रो मात्रा लगाउने भनेर खोपको उपलब्धता भएपछि सरकारले सूचना जारी गर्नेछ ।

Source: https://cutt.ly/dmymn3I

काठमाण्डौ उपत्यकामा
अब सबै सार्वजनिक सवारीसाधन
जोर बिजोर प्रणाली अनुसार सञ्चालन
हुने हो ?

सबै खालका सार्वजनिक सवारी साधन चल्न दिने भनेको होईन । २५ भन्दा बढी सिट क्षमता भएका सार्वजनिक यात्रुवाहक सवारी साधन मात्र जोर बिजोर प्रणाली अनुसार सञ्चालन गर्न पाउने भनेको हो । यसको मतलब माईक्रोबस र टेम्पो अझै सञ्चालन हुन पाउने छैनन् । अनुमती प्राप्त सवारी साधन बिहान ६:०० बजे देखी साँझ ७:०० बजे सम्म मात्र सञ्चालन हुनेछन् ।

Source: https://daokathmandu.moha.gov.np/public/upload/

# जातियतामा आधारित विभेद

## कोभिड – १९ को समयमा दलित समुदाय विरुद्ध भएका विभेदहरु

वास्तवमै के कुराले हामीलाई मृत्युको मुखमा पुऱ्याईरहेको छ ? भाईरसले ? वा **भ्रष्टाचार, अप्रभावकारी व्यवस्था** र **इमानदार नेतृत्वको कमीले** ?

**१०%**
राज्यले विभेद गरेको

**९%**
धार्मिक समुहले विभेद गरेको

**११%**
परिवार/नातेदारले विभेद गरेका

**६५%**
आम नागरिक द्वारा विभेद गरिएका

**५%**
शैक्षिक क्षेत्रमा भएको विभेद

**८८** घटना दर्ता



फेब्रुअरी २०२० — जनवरी २०२१

*स्पष्टिकरण: यो तथ्यांक अनलाईन मिडिया, राष्ट्रिय दैनिकहरु, जिल्ला स्तरमा प्रकाशित हुने पत्रपत्रिकाहरु र नेपाल प्रहरीको वेवसाईटबाट संकलन गरी एकिकृत गरिएको हो । त्यसैले, यसले वास्तविक तथ्यांक भन्दा पनि तोकिएको समयमा सम्बन्धित घटनाको प्रवृत्तिलाई उजागर गर्दछ ।*

जातिय विभेद नेपालमा लामो समय देखी जरो गाडेर बसेको छ । सरकारले जातिय विभेद विरुद्ध नीति बनाएको छ, त्यसमा पनि विशेष गरेर दलित समुदाय विरुद्ध हुने विभेद अन्त्य गर्न थुप्रै नीति ल्याएपनि यस्ता खालका विभेदहरुमा कमी आएको छैन । लकडाउन र निषेधाज्ञाको समयमा पनि थुप्रै जातिय विभेद विरुद्धका घटनाहरु दर्ता भएकाछन् । प्राय जस्तो आम नागरिक र धार्मिक समुहहरु दलित समुदायको पहिचान, अधिकार र न्यायको हनन् गर्ने खालका घटनामा सहभागि भएकाछन् । अझै अचम्म लाग्दो कुरा त के छ भने, आफ्ना नागरिकको सुरक्षा गर्नुपर्ने राज्य र सुरक्षा निकायनै पीडकको रुपमा अगाडी आएका छन् । नागरिक अधिकारको सुरक्षा गर्नुपर्ने जिम्मेवारी पाएको सरकारले आफ्नै नागरिक माथि गरेको विभेदको घटनाले राज्यको सुशासनमा प्रश्न उठाउँछ । त्यसमाथी, दलित महिलाहरु आफ्नै श्रीमान र परिवारका सदस्यबाट विभेद र हिंसाको सिकार भईरहेकाछन् । यस्ता खालका विभेदको अन्त्य कहिले होला ? के हाम्रो समाजमा जरो गाडेर वसेको जातिय विभेदको समाधान छैन ? अथवा, हामी व्यक्तिगत नैतीकता र सुशासनमा त चुकिरहेका छैनौं ?

Source: https://nepalmonitor.org/

## वैदेशिक रोजगार विभाग हप्ताको ३ दिन खुला

वैदेशिक रोजगार विभागको कार्यलय ताहाचल अब हप्ताको ३ दिन (आईतवार, मंगलबार र बिहिबार) खुल्ने भएको छ । कार्यालय खुलेपनि हाललाई बायोमेट्रिक नभएकाहरुले मात्र सेवा पाउनेछन् । सिस्टममा बायोमेट्रिक भएकाहरुले भने अनलाईनबाटै पुन: श्रम स्विकृती लिन सक्नेछन् ।

### कतार:

- तपाईसँग पुरानो कतारी रियाल छ भने, डिसेम्बर ३१ सम्ममा साटि सक्नुपर्ने छ ।
- कतारमा ३० लाख व्यक्ति ले कोरोना बिरुद्धको खोप लगाईसकेका छन्।
- नेपाली दूतावास र कतार मिडिया कर्पोरेशनबिचको सहकार्यमा भविष्यमा जानकारीमूलक रेडियो कार्यक्रम सञ्चालन गर्ने विषयमा छलफल भएको छ । अहिले कतारमा अनलाइन रेडियो “रेडियो ओलिभ” नेपाल मात्र सुन्न सकिन्छ ।



### कुवेत:

६००० स्वाईएर मिटर भन्दा ठुला सपिङमल, रेष्टुरेण्ट, शैलुन, हेल्थ क्लब र प्रमुख कम्प्लेक्सहरुमा क-कसले प्रवेश पाउने भन्ने विषयमा सरकारले निम्न बमोजिम निर्णयहरु गरेको छ :

१. कोभिड विरुद्धको खोपको दुबै मात्रा लगाएका व्यक्तिहरु ।

२. कोभिड विरुद्धको खोपको एक मात्रा लगाएर १४ दिन कटेका व्यक्तिहरु ।

३. कोभिड संक्रमण भई ९० दिन ननाघेका व्यक्तिहरु ।

४. स्वास्थ्यको कारण कोभिड विरुद्धको खोप लगाउन नहुने व्यक्तिहरु (कुवेत स्वास्थ्य मन्त्रालयले प्रमाणित गरेको हुनु पर्ने) ।

५. १६ वर्ष मुनिका बालबालिकाहरु ।

### यूएई:

यूएईले नेपाल, भारत, पाकिस्तान, बंगलादेश लगायत अफ्रिकी मुलका देशहरु गरी जम्मा १३ वटा देशबाट यूएई आउने यात्रुका लागि २१ जुलाई सम्म प्रतिबन्ध लगाएको छ । यो प्रतिबन्ध पहिले ७ जुलाई सम्म मात्र थियो ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

# कथा किनाराको

## थुप्रै बिरामी डाक्टर छोइदिएकै कारण बाँचेकाछन्

जब गत वर्ष लम्की अस्पतालमा कोभीडको पहिलो केश आयो, त्यतीखेर अस्पतालको माहोल केहि खल्बलीयो । नयाँ किसीमको संक्रमण भएकाले चिकीत्सकहरुमा पनि केहि त्रास थियो । डा. प्रकाश तिमील्सेना सोही अस्पतालमा मेडिकल अधिकृतका रुपमा कार्यरत थिए । चिकीत्सकहरु नै डरायो भने बिरामीहरु झनै त्रसित हुन्छन भनेर उनले टिमलाई उच्च मनोबलका साथ बिरामीको उचारमा खटाए । डा. तिमील्सेना बिरामीहरुको चेकजाँच, मनोबल उच्च राख्न काउन्सिलीङ् गर्ने देखी सबै बन्दोबस्तमा आफै खटिए ।

कोरोनाको संक्रमणदर उच्च रहँदा उनी २४सै घण्टा, हप्ताको सातै दिन अस्पतालमै बिरामीको सेवामा खटिए । अन्य चिकित्सकहरु नहुँदा समेत उनीहरुको ठाउँमा डा. तिमिल्सेना आफैले सेवा दिए । खान बस्नलाई उनलाई अस्पलातले भित्रै क्वाटर दिएको छ । उनी भन्छन्, "बिरामीलाई हेर्दाहेर्दै कहिलेकाहीँ मध्यरातमा खाना खाने फुर्सद मिल्दथ्यो, त्यहीबेला बिरामी आउँदा मलाई फोन आउथ्यो र म खाना छोडेर दौड्दै तल झर्थे र बिरामीको उपचार गर्थे ।"





> दिनरात बिरामीको सेवा गर्दा समेत बिरामीलाई बचाउन नसक्दा भने उनलाई कस्तो पेशा अपनाईएछ जस्तो पनि लाग्दथ्यो । तर, थुप्रै बिरामी उनले छोएकै कारण बाँचे,

यसले भने उनलाई बिरामीको सेवामा खटिन हौसला दिईरह्यो ।

उनलाई धेरै बिरामीले सन्चो भएर घर फर्किँदा तपाईलाई केही नहोस भनेर आशिर्वाद दिएका थिए । पहिलो लहरले उनलाई नछोए पनि दोस्रो लहरमा भने उनलाई पनि संक्रमण भईछाड्यो । निमोनिया समेत भएका कारण उनलाई संक्रमणले केही बढीनै दु:ख दियो । उपचार पश्चाल उनलाई सन्चो भएर फेरी पनि आफ्नो जिम्मेवारीमा खटिसकेकाछन् ।

उनी भन्छन्, स्वास्थ्यकर्मीलाई काम गर्न प्रोत्साहन गर्ने एक बलियो आधार भनेको अस्पतालमा आवश्यक स्वास्थ्य सामाग्री र भौतिक संरचना हो । त्यसमाथी सरकारले अभिभावकको भुमिका निभयो भने जस्तोसुकै महामारी आएपनि सपजलै परास्त गर्न सकिन्छ ।

# भोइसेस आउट लाउड - मेरो कुरा

गत वर्ष कोरोना माहामारी सुरु भए देखिनै म अस्पतालमा कार्यरत छु । वार्डमा सरसफाइसंगै बिरामीका लागि औधषि बोक्ने र उनीहरुको हेरचाह गर्नुपर्दछ । काम गर्ने समय भने निश्चित छैन । आवश्यकता अनुसार जतिखेर पनि काममा खटिनुपर्दछ । सुरुमा कोरोना अस्पतालमा काम गर्न निकै डर लागेको थियो । संक्रमणले छोयो कि मरिन्छ भन्ने जस्तो लाग्दथ्यो । अस्पतालमा काम गर्छे भनेर छिमेकी पनि डराउथें । अहिले त धेरैले बुझ्नु भएको छ । तर पनि कतै संक्रमित भइहालिन्छ की भन्ने चिन्ता भने सधै हुने रहेछ ।

## धना कुमारी बडैला

सरसफाइकर्मी, कोभिड आइसीयु वार्ड,
सेती प्रादेशिक अस्पताल धनगढी, कैलाली





## सञ्जु के.सि.

स्टाफ नर्स,
नेपालगञ्ज मेडिकल कलेज, बाँके

कोभिडको दोस्रो लहरमा पहिलो लहर जति आतंकित थिएनौं, तर पनि धेरै बिरामिसँगै सहकर्मिहरुलाई पनि गुमाउनु पऱ्यो । प्राय बिरामी अस्पताल पुग्दा अक्सिजन चाहिने हुनुहुन्थ्यो र परिक्षण गर्दा प्रायलाई कोभिडको संक्रमण देखिन्थ्यो । आइसोलेशन वार्डमा काम गरिरहेकाले घरपरिवारसँग नजिक हुन डर लाग्दथ्यो । तर, अस्पतालमा बेडको अभाव भएकाले बिरामीको घरमै गएर पनि बिरामीको उपचार गरें । अब सरकारले छिटो भन्दा छिटो पर्याप्त मात्रामा कोभिड बिरुद्धको खोपको व्यवस्था मिलाईदिएको भए स्थिति सहज हुने थियो । अहिले नेपालगञ्जमा कोरोना संक्रमण कम देखिएपनि अरु जिल्लामा संक्रमण दर बढ्दो छ । त्यसैले, सावधानीका उपायहरु अपनाउन नछोड्नु होला ।

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

### DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**REACH OUT TO US ON**


@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219